# आ. व.२०७८/७९ को प्रथम दश महिना (श्रावण-बैशाख) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७८/७९ को प्रथम दश महिनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३०.५ प्रतिशतले वृद्धि भई रु.१७७८.०० अर्व पुगेको छ । कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमश: ९.७ प्रतिशत र ९०.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपालको कुल निकासी ५९.८ प्रतिशतले वृद्धि भई रु १७३.३५ अर्व तथा कुल पैठारीमा २८.० प्रतिशतले वृद्धि भई रु. १६०४.६५ अर्व पुगेको छ । आ.व. २०७७/७८ को प्रथम दश महिनाको अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:११.६ रहेकोमा आ.व. २०७८/७९को सोही अवधिमा निकासी–पैठारी व्यापारको अनुपात १:९.३ रहन आएको छ ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा भटमासको तेल, पामतेल, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, जुट तथा जुटका सामानहरु, तयारी पोशाक, जुस, सूर्यमुखी तेल, अलैंची, ऊनी फेल्टका उत्पादन, कपडा, चिया, पश्मिना शल, कुकुर र विरालोको आहार (डग च्यू), फलाम तथा फलामका उत्पादनहरु, चाऊचाऊ, नेपाली हाते कागज, रोजिन र रेजिन एसिड, जडीबुटी प्रमुख रुपमा रहेका छन् ।

समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा २६.८५ प्रतिशतले वृद्धि भई रु. ४५.३५ अर्ब पुगेको छ । यसै गरी समीक्षा अवधिमा पामतेलको निर्यातमा भारी वृद्धि भई रु. ३७.९५ अर्ब पुगेको छ। समीक्षा अवधिमा यार्न ( पोलिष्टर, सुतीतथाअन्य) को निर्यातमा ५९.१२ प्रतिशतले वृद्धि भई रु. १०.३३ अर्ब पुगेको छ । यसै गरी परम्परागत नेपाली निर्यात जन्यवस्तु ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा २८.५६ प्रतिशतले वृद्धि भई रु. ७.६९ अर्ब पुगेको छ । त्यसै गरी जुट तथा जुटका उत्पादनको निर्यातमा समीक्षा अवधिमा १६.२१ प्रतिशतले वृद्धि भई रु. ६.८२ अर्ब पुगेको छ ।

पछिल्ला केही महिनाहरुमा सूर्यमुखी तेल पनि नेपालको प्रमुख निकासी योग्य वस्तुको पहिचान स्थापित गर्दै समीक्षा अवधिमा यस वस्तुको निर्यात रु. ४.३० अर्ब पुगेको छ । यसै गरी नेपालको अर्को परम्परागत निर्यात जन्यवस्तु तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा २९.०६ प्रतिशतले वृद्धि भई रु. ५.९१ अर्ब पुगेको छ। यसै गरी अर्को प्रमुख निर्यात जन्यवस्तु ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा १८.७८ प्रतिशतले वृद्धि भई रु ३.९७ अर्ब पुगेको छ । समीक्षा अवधिमा जुसको निकासीमा ३८.०६ प्रतिशतले वृद्धि भई रु. ४.६४ अर्ब पुगेको छ । समीक्षा अवधिमा कुकुर र विरालोको आहार (डगच्यू)को निर्यातमा ४१.१३ प्रतिशतले वृद्धि भई रु २.३१ अर्ब पुग्न गएको छ ।

कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा २९.५३ प्रतिशतले ह्रास आई रु ४.२२ अर्बमा सीमित हुन पुगेको छ । यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समीक्षा अवधिमा १८.२३ प्रतिशतले ह्रास आई रु २.७६ अर्बमा सीमित हुन पुगेको छ ।

***चालु आर्थिक वर्षको* प्रथम दश महिनामा *प्रशोधित खाद्य तेल ( भटमासको तेल, पामतेल, सुर्यमुखीतेल) को निर्यात नेपालको कुल निर्यातमा ५०.५३ प्रतिशतको हिस्सा ओगट्दै प्रमुख निर्यातजन्य वस्तुका रुपमा देखा परेको छ । यस अवधिमा यी वस्तुहरुको कुल निर्यात रु ८७.६० अर्ब पुगेको छ । प्रशोधित खाद्य तेलको निर्यात मध्ये भटमासको तेल, पामतेल तथा सूर्यमुखी तेलको निर्यातको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः २६.१६, २१.८९ र २.४८ प्रतिशत रहेको छ ।***

नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा ७२.९ प्रतिशतले वृद्धि भई रु १३७.१८ अर्ब पुगेको छ । नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ७३.१२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षका सो हिस्सा बढेर ७९.१३ प्रतिशत पुगेको छ । नेपालको निर्यातमा ५०.५३ प्रतिशत योगदान राख्ने भटमास, पामतेल र सूर्यमुखी तेलहरुको निर्यात भारतमा नै भई रहेकोले नेपालको कुल निकासीमा भारततर्फको हिस्सामा यस्तो बढोत्तरी देखिएको हो । नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, टर्की, युके, फ्रान्स, अष्ट्रेलिया, क्यानडा, इटाली, जापान, चीन, नेदरलेण्ड्स, डेनमार्क, बंगलादेश रहेका छन् ।

पैठारीतर्फ समग्रमा आ.व. २०७८/७९ को प्रथम दश महीनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थमा ८१.१ प्रतिशतले वृद्धि भई रु. २५२.९४ अर्ब पुगेको छ । यसै गरी समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा १३.८ प्रतिशतले वृद्धि भई रु. १५९.९१ अर्ब, मशिनरी तथा पार्ट्समा २२.१ प्रतिशतले वृद्धि भई रु. १२३.२८ अर्ब, यातायातका साधन र तिनका पार्ट पुर्जामा ५.३ प्रतिशतले वृद्धि भई रु. ८६.८१ अर्ब, कच्चा भटमास तेलको आयातमा २५.२ प्रतिशतले भई रु. ४९.४१ अर्ब, दुरसञ्चारका सामाग्रीको आयातमा १७.६ प्रतिशतले वृद्धि भई रु ४८.१४ अर्ब, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा १४.२ प्रतिशतले वृद्धि भई रु. ५७.०६ अर्ब पुगेको छ । समीक्षा अवधिमा अन्नको आयातमा भने ५.७ प्रतिशतले ह्रास आई रु ६४.७२ अर्ब पुगेको छ । कच्चा पाम तेलको आयातमा भारी वृद्धि भई रु. ३४.७४ अर्ब पुगेको छ ।

यसै गरी समीक्षा अवधिमा औषधीको आयातमा १३४.९ प्रतिशतले वृद्धि भई रु. ६१.३१ अर्ब पुगेको छ । खोपको आयात भारी मात्रामा हुन गई औषधीको आयातमा यस्तो वृद्धि देखिएको हो ।
नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, इण्डोनेशिया, संयुक्त राज्य अमेरिका, युएई, अर्जेण्टिना, अष्ट्रेलिया, युक्रेन, मलेशिया, ब्राजील, बँगलादेश, थाइलेण्ड, क्यानडा तथा  टर्की रहेका छन् ।

समीक्षा अवधिमा भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम, स्टील तथा तिनका सामानहरु, आलुमुनियम, तामा जस्ता वस्तुहरुको आयातमा भएको वृद्धिले मुलुकको विकासमा सकारात्मक योगदान दिएको देखिन्छ । यसै गरी मुलुकका लागि अति आवश्यक औद्योगिक कच्चापदार्थहरु जस्तै कच्चा पाम आयल, कच्चा भटमासको तेल, कच्चा सूर्यमुखी तेल,  पोलिथिन ग्र्यानुअल, रबर, रसायन जस्ता वस्तुहरुको आयात उल्लेख्य रुपमा भएको छ ।
समीक्षा अवधिमा औद्योगिक क्रियाकलाप अभिवृद्धिमा मूख्य भूमिका खेल्ने क्यापिटल गुड्स (मशिनरी तथा पार्ट्स)को आयातमा वृद्धि हुँदा यस्तो आयातले दीर्घकालमा सकारात्मक प्रभाव पार्ने देखिन्छ ।
यसै गरी समीक्षा अवधिमा पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएता पनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खपत भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

चालु आर्थिक वर्ष २०७८/७९ को समीक्षा अवधिमा समग्र निकासीमा उल्लेख्य रुपमा सुधार भए तापनि पैठारीमा देखिएको वृद्धिका कारण व्यापारघाटामा २४.९ प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा रु. १४३१.३० अर्ब पुगेको छ ।
*(व्यापार तथ्याँकको श्रोतः श्री भन्सार विभाग)*